# सुदूरपश्चिम विश्वविद्यालय
# व्यवस्थापन संकाय
## डीनको कार्यालय
### महेन्द्रनगर, कञ्चनपुर

प.सं.:

च.नं.:

मिति: २०८२/०४/१६

## स्नातक तहको प्रवेश परीक्षा र भर्नासम्बन्धि सुचना

सुदूरपश्चिम विश्वविद्यालय, व्यवस्थापन संकायतर्फ स्नातक तहका Bachelor of Business Administration (BBA), Bachelor of Business Studies (BBS) र Bachelor of Hotel Management (BHM) शैक्षिक कार्यक्रमहरूमा शैक्षिक सत्र २०८२/०८३ का लागि विश्वविद्यालयको व्यवस्थापन केन्द्रीय विभाग र तोकिएका शैक्षिक कार्यक्रमको स्वीकृति प्राप्त विश्वविद्यालयका आंगिक तथा सम्बन्धन प्राप्त क्याम्पसहरूमा नयाँ विद्यार्थी भर्ना गर्न सञ्चालन हुने व्यवस्थापन प्रवेश परीक्षा (Management Admission Test – MAT) र भर्नासम्बन्धि अन्य कार्यक्रम निम्नानुसार निर्धारण गरिएको व्यहोराको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छः

| शैक्षिक कार्यक्रमहरु | BBA | BHM | BBS |
|---|---|---|---|
| प्रवेश परीक्षा फारम वितरण: | २०८२ श्रावण १८ गतेदेखि | २०८२ श्रावण १८ गतेदेखि | २०८२ श्रावण १८ गतेदेखि |
| प्रवेश परीक्षा फारम बुझाउने अन्तिम मिति: | २०८२ भाद्र २५ गतेसम्म | २०८२ भाद्र २७ गतेसम्म | २०८२ भाद्र २७ गतेसम्म |
| प्रवेश परीक्षा सञ्चालन हुने मिति र समय: | २०८२ भाद्र २८ गते, विहान ८ बजे | २०८२ भाद्र २८ गते, विहान ११ बजे | २०८२ भाद्र २८ गते, विहान ११ बजे |
| प्रवेश परीक्षा आवेदन शुल्क | रु. १,५०० | रु. १,५०० | रु. ५०० |
| प्रवेश परीक्षाको नतिजा प्रकाशन | २०८२ भाद्र ३१ गते | | |
| भर्ना अवधि: | BBA र BHM शैक्षिक कार्यक्रमको भर्ना अवधि प्रवेश परीक्षाको नतिजा प्रकाशनको सुचनामा उल्लेख गरिए अनुसारको अवधि र BBS को हकमा २०८२ कार्तिक १६ गते सम्म । | | |
| अभिमुखीकरण कार्यक्रम: | २०८२ कार्तिक १२ देखि १६ गतेसम्म | | |
| कक्षा सञ्चालन: | २०८२ कार्तिक १७ गतेदेखि | | |
| भर्नाका लागि न्युनतम शैक्षिक योग्यता: | BBA र BHM शैक्षिक कार्यक्रमका लागि कक्षा १२ का प्रत्येक विषयमा कम्तिमा D ग्रेड सहित न्यूनतम 1.8 CGPA प्राप्त गरेको (तर राष्ट्रिय परीक्षा बोर्डको २०७८ साल र सोभन्दा पूर्वको नतिजा अनुसार कक्षा ११ र १२ का प्रत्येक विषयमा कम्तिमा D+ ग्रेड सहित न्यूनतम 1.8 CGPA ल्याएको), प्रवीणता प्रमाणपत्र तहको हकमा न्यूनतम द्वितीय श्रेणीको अंक प्राप्त गरेको र BBS शैक्षिक कार्यक्रमका लागि कक्षा १२ का प्रत्येक विषयमा न्यूनतम D ग्रेड ल्याएको (राष्ट्रिय परीक्षा बोर्डको २०७८ साल र सोभन्दा पूर्वको नतिजा अनुसार कक्षा ११ र १२ का प्रत्येक विषयमा न्यूनतम D+ ग्रेड ल्याएको) वा न्यूनतम द्वितीय श्रेणीमा प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण गरेको । | | |
| प्रश्नपत्रको संरचना: | १०० पूर्णाङ्क, समय १ घण्टा ३० मिनेट र Verbal Ability, Quantitative Ability, General Awareness, Logical Reasoning, Business & Economics सम्बन्धी १०० वटा वस्तुगत प्रश्नहरू सोधिने छन । | | |

पुनश्चः कक्षा १२ को परीक्षाको नतिजाको प्रतिक्षामा रहेका विद्यार्थीहरू समेत भर्नाको समयमा न्युनतम शैक्षिक योग्यता पुगेको प्रमाणपत्र पेश गर्ने सर्तमा प्रवेश परीक्षामा सहभानी हुन सक्नेछन । प्रवेश परीक्षा र भर्नासम्बन्धि थप जानकारीका लागि व्यवस्थापन केन्द्रीय विभाग, महेन्द्रनगर र विश्वविद्यालयका आंगिक तथा सम्बन्धन प्राप्त क्याम्पसहरूमा सम्पर्क गर्न सकिनेछ ।

(प्रा.डा. पदमराज जोशी)
डीन